# स्वास्थ्य सेवाका सातौं तहका पदहरुमा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ५६८/०७९-८०** **प्रकाशन मिति २०७९/७/३०**

कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा पूर्ति गर्नु पर्ने देहायका पदहरुका लागि स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा ८(१) तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७९/९/५ सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसंग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन। यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

## उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु

(क) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २७ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ।
(ख) दरखास्त साथ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तर वृद्धि भएको पत्र र तल्लो तहको नियुक्ति पत्र पेश गर्नु पर्नेछ।
(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(च) दरखास्त दस्तुर रु. १२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ।

| क.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १३७/०७९-८० | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | १(एक) |
| २. | १३८/०७९-८० | रेडियोग्राफी टेक्नोलोजिष्ट, स्वास्थ्य, रेडियोग्राफी, रेडियोग्राफी | १(एक) |

# आवश्यक न्यूनतम योग्यता:

***(क) स्वास्थ्य सेवा, आ.प्र. तर्फका पदको लागि***

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा २६ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ (संशोधन सहित) को नियम ८१ बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको तथा ऐनको दफा २७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(१) समेतका आधारमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७४ को उपनियम ६ तथा अनुसूची ७ मा उल्लेख भए बमोजिमका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनु पर्नेछ। दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्वन्धित व्यवसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ।

१. **स्वास्थ्य, जनरल नर्सिङ्ग, नर्सिङ्ग अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त।

## (ग) स्वास्थ्य सेवाका आठौं तह

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | किसिम/समूह | पुन: विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम विहान ८:०० बजे | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १७३४०/०७९-८० | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | खुला | - | ८(आठ) | ८(आठ) | २०७९/१२/१ | २०७९/१२/२ |
| २. | १७३४१/०७९-८० | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | महिला | - | २(दुई) | २(दुई) | | |
| ३. | १७३४२/०७९-८० | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | आ.ज. | - | १(एक) | १(एक) | | |
| ४. | १७३४३/०७९-८० | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | मधेसी | - | २(दुई) | २(दुई) | | |
| ५. | १७३४४/०७९-८० | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | दलित | - | १(एक) | १(एक) | | |
| ६. | १७३४५/०७९-८० | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | अपाङ्ग | - | १(एक) | १(एक) | | |
| ७. | १७३४६/०७९-८० | डेण्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री | दलित | - | १(एक) | १(एक) | २०७९/१२/३ | २०७९/१२/४ |
| ८. | १७३४७/०७९-८० | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | खुला | - | १(एक) | १(एक) | २०७९/१२/५ | २०७९/१२/६ |
| ९. | १७३४८/०७९-८० | बायोमेडिकल इन्जिनियर, स्वास्थ्य, विविध, बायोमेडिकल इन्जिनियरिङ्ग | महिला | १(एक) | - | १(एक) | २०७९/१२/७ | २०७९/१२/८ |
| १०. | १७३४९/०७९-८० | बायोमेडिकल इन्जिनियर, स्वास्थ्य, विविध, बायोमेडिकल इन्जिनियरिङ्ग | आ.ज. | १(एक) | - | १(एक) | | |

बाँकी पृष्ठ ११ मा

## (इ) स्वास्थ्य सेवातर्फ

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुका साथै नेपाल स्वास्थ्य नियमावली, २०५५ को अनुसूची-६ मा उल्लेखित देहाय बमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ। दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित व्यवासायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

१. **स्वास्थ्य, ज.हे.स., मेडिकल अधिकृत, आठौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वी.वी.एस. वा सो सरह उपाधि प्राप्त।

२. **स्वास्थ्य, डेन्टिष्ट्री, डेन्टल सर्जन, आठौं तह** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस्सी. वा बि.डि.एस. उपाधि प्राप्त।

३. **स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आयुर्वेद चिकित्सक, आठौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्समा स्नातक उपाधि प्राप्त।

४. **स्वास्थ्य, विविध, वायोमेडिकल इन्जिनियरिङ्, वायोमेडिकल इन्जिनियर, आठौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरिङ्ग वा मेडिकल इलेक्ट्रोनिक इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि प्राप्त।

५. **स्वास्थ्य, जनरल नर्सिङ्ग, नर्सिङ्ग अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त।

६. **स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे., मेडिकल ल्याव टेक्नोलोजिष्ट, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त।

७. **स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी, माइक्रोबायोलोजिष्ट, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल माइक्रोबायोलोजीमा स्नातक उपाधि प्राप्त।

८. **स्वास्थ्य, फिजियोथेरापी, फिजियोथेरापिष्ट, सातौं तह** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण।

९. **स्वास्थ्य, फार्मेसी, फार्मेसी अधिकृत, सातौं तह** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक तह उत्तीर्ण।

१०. **स्वास्थ्य, रेडियोग्राफी, रेडियोग्राफी, रेडियोग्राफी टेक्नोलोजिष्ट, सातौं तह** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा स्नातक उपाधी प्राप्त।

११. **स्वास्थ्य, रेडियोग्राफी, रेडियोथेरापी, रेडियोथेरापी टेक्नोलोजिष्ट, सातौं तह** :-मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा स्नातक उपाधी प्राप्त।

### उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसंग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।